

# २ बाइबल कसरी सुरु भयो? यसका स्वभाव वा गुणहरु

***यस अध्यायका मूल पदहरू:*** २ पत्रुस १:१९-२१, २ तिमोथी ३:१६, १७, व्यवस्था १८:१८, प्रस्थान १७:१४, यूहन्ना १:१४ र हिब्रू ११:३,६।

***यस अध्यायको मूल सार पद:*** **"यसैकारण निरन्तररूपमा तिमीहरूको निम्ति हामी परमेश्वरलाई धन्यवाद चढाउँछौं, किनभने जब हामीले तिमीहरूलाई सुनाएको परमेश्वरको वचन तिमीहरूले ग्रहण गऱ्यौ तब तिमीहरूले मानिसहरूको वचन नभएर सत्यमा आधारित वचन भनेर हृदयदेखि स्वागत गरेर आत्मसात् गऱ्यौ। तिमीहरू विश्वास गर्नेहरूको निम्ति परमेश्वरको वचनले प्रभावकारीरूपमा काम गर्दछ" (२ थेसलोनिकी २:१३)।**

हाम्रो जीवन र सम्पूर्ण चर्च वा विश्वासीहरूको जीवनमा बाइबलले अत्यन्तै प्रभावकारी भूमिका कसरी खेल्दछ भन्ने कुरो बुझ्न बाइबल कसरी सुरुवात भयो भनेर त्यसका स्वभाव वा गुणहरूलाई हेर्नु र बुझ्नु आवश्यक छ। यदि बाइबल कुन प्रक्रियाबाट प्रकट वा प्रेरित भयो भन्ने ज्ञानलाई हामीले बुझ्न सक्यौं भने त्यसलाई ब्याख्या गर्ने क्षमता पनि हामीमा हुन्छ। त्यस प्रक्रियाको ज्ञानले बाइबलको व्याख्यालाई उल्लेखनीय ढाँचा वा मापदण्डमा राख्नसक्छौं र बाइबलको बुझाइले पनि हामीलाई प्रभाव पार्न सक्छ। यदि हामी बाइबललाई ठिक वा उचितरूपमा बुझ्न चाहन्छौं भने कुन आधारभूत परिपाटीमा वा सिमाभित्र रहेर यसको अध्ययन गर्नुपर्छ भन्ने कुरो हामीलाई बाइबलले नै निर्णय गरेको वा देखाएको बाटोमा हामी सबैले हिड्नु आवश्यक छ। अर्थात् बाइबललाई बुझ्ने ठूलो औजार बाइबल नै हुनुपर्छ त्यसभन्दा बाहिर रहेर हामी बाइबललाई बुझ्न सक्दैनौं। जैविक विज्ञान वा बायोलोजी र समाजशास्त्रलाई बुझ्ने उच्चकोटीको तरिका अपनाएर गणित वा हिसाब हामी बुझ्न सक्दैनौं। रसायनशास्त्र वा केमिस्ट्री र भौतिकशास्त्र वा फिजिक्सलाई सिक्ने तरिका अपनाएर मानव इतिहास बुझ्न सकिंदैन। त्यसैले बाइबलमा

भएका आत्मिक वा आध्यात्मिक सत्यहरूलाई बुझ्न जुनसुकै मैहुँ भन्ने विद्वान, दार्शनिक, साहित्यकार र वैज्ञानिकहरू र परमेश्वरको अस्तित्वलाई अस्वीकार गर्ने नास्तिकहरूको तरिकाहरू अपनाएर हामी बाइबललाई सही रूपमा बुझ्न सक्दैनौं। यदि हामीले बाइबललाई बुझ्न मानव ज्ञानलाई उपयोग गर्न खोज्यौं भने त्यहाँ पनि हामीले परमेश्वरको अस्तित्वलाई अस्वीकार गरेको ठहर्छ। त्यसकारण बाइबलको व्याख्या गर्न परमेश्वरकै वचनमा दिएको ईस्वरीय-मानवीय परिपाटी वा संलग्नतामा गम्भीर हुनु आवश्यक छ। पवित्र धर्मशास्त्र बाइबललाई उचितरूपमा व्याख्या गर्न परमेश्वर र उहाँको वचनप्रतिको आस्था वा विश्वास हुनैपर्छ। जतिसुकै विद्वान हुँ भन्ने तर बाइबल र परमेश्वरलाई शङ्का गर्ने वा सन्देहपूर्ण तर्कवितर्क वा वादविवाद गरेर बाइबललाई उचितरूपमा बुझ्न सकिँदैन।

बाइबलको सुरुवात र त्यसको स्वभाव र गुणहरू कुन जगमा बसालिएको हो त्यसका पक्षहरूलाई यस अध्यायमा हामी हेर्नेछौं। जसले गर्दा बाइबललाई बुझ्न र त्यसलाई व्याख्या गर्न हामीलाई मद्दत मिल्नेछ।

## १. बाइबल परमेश्वर स्वयंबाट प्रकट गरिएको वा सृजिएको हो

**बाइबलमा दिइएका भविष्यवाणीहरूको सन्देश कसबाट सुरू भएको हो भनेर पत्रुसले आफ्नो प्रतिवद्धतालाई २ पत्रुस १:१९-२१मा कसरी वताउँछन्? हेर्नुहोस्, "१९ हामीसित भएका अगमवक्ताहरूको वचन अझ निश्चित भएको छ। झिसमिसे उज्यालो नहोउञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरूले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ। २० सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन। २१ किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।"**

बाइबललाई न त कुनै अरू किताब जस्तो न त यसलाई कुनै मानवीय स्रष्टा वा लेखकले लेखेको जस्तोसुकै उच्चकोटीको पुस्तकहरूको हाराहारीमा नै यसलाई राख्न सुहाउँछ। पत्रुसका अनुसार अगमवक्ता वा परमेश्वरका प्रवक्ताहरूलाई पवित्र आत्माले यसरी परिचालन गर्नुभएको थियो कि तिनीहरूबाट दिइएको सन्देशका विषयहरू परमेश्वरबाटै आएका हुन्। तिनीहरूले कुनै आफ्नै सोचबिचार वा ध्यान (तपस्या ?) वा मन्थन गरेर सृजना गरेको पुस्तक बाइबल होइन। बाइबल मानिसहरूले कुनै कल्पना गरेर अनेकौं

मनगढन्ते परिकथा वा दन्त्यकथा वा काल्पनिक पौराणिक कथाहरू वा पुराणहरूको सङ्गालो होइन भनेर पत्रुसले ठोकुवा गर्दछन् (२ पत्रुस १:१६ रूपान्तरित)। बाइबलमा दिइएका भविष्यवाणी वा परमेश्वरका वचनहरू परमेश्वरबाट नै आएका हुन् जसले गर्दा यो सत्य र भरपर्दो छ। "परमेश्वरका पवित्र जनहरूलाई पवित्र आत्माले परिचालन गरेकोले नै तिनीहरूले ती सबै बोलेका हुन्" (२ पत्रुस १:२१ रूपान्तरित)। आफूले दिनुपर्ने सन्देशहरू दिने प्रक्रियामा परमेश्वर आफै जुट्नुभएको थियो। उहाँको इच्छा उहाँले छान्नु भएको मानव प्राणीहरूद्वारा प्रकट गर्नुभएको थियो।

परमेश्वरद्वारा चुनिएका मानिसहरूलाई मुखामुख गरेर बोल्ने प्रक्रिया बाइबलले अपनाएको अर्थात् परमेश्वरद्वारा चुनिएका मानिसहरूलाई सिधै बोल्नुभएको थियो भनेर बाइबलले देखाउँदछ। त्यसैकारणले बाइबल विशेष पुस्तक हो। यसलाई परमेश्वर आफैले अनुमोदन गर्नुभएको छ त्यसैले यसलाई व्याख्या गर्न ईश्वरीय तत्वलाई ध्यान दिनु अनिवार्य हुन्छ। यस पुस्तकको मूल लेखक वा स्रष्टा परमेश्वर आफै हुनुभएकोले यसलाई "पवित्र धर्मशास्त्रहरू" (रोमी १:२, २ तिमोथी ३:१५) भन्नु अत्यन्तै उपयुक्त देखिन्छ।

बाइबलका वचनहरू व्यवहारिक छन् र व्यवहारमा ल्याउन लेखिएको पनि हो अर्थात् यसलाई सुनेरमात्र नहुने भनेर यसले ठोकुवा गर्दछ। बाइबल किन दिइयो भन्ने कुरा पावलको भनाइवाट स्पष्ट हुन्छ "१४ तर तिमीचाहिँ आफूले सिकेका र दृढ़तासँग विश्वास गरेका यी कुराहरूमा लागिरह। ती कसबाट सिकेका छौ, सो तिमी आफै जान्दछौ। १५ तिमी बाल्यकालदेखि पवित्र-धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ। १६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।" २ तिमोथी ३:१४-१७। जब पवित्र धर्मशास्त्र हामी पढ्छौं तब हाम्रो जीवनलाई उहाँको वचन अनुसार चल्न पवित्र आत्माको सहयोगको आवश्यकता पर्छ। पत्रुसका अनुसार परमेश्वरबाट प्रकट भएको वचनलाई व्याख्या गर्न वा अर्थ लगाउन त्यसलाई हाम्रो आफ्नै धारणाबाट मोड्न खोज्नुहुन्न। बाइबलको वचनलाई उचितरूपमा अर्थ लगाउन वा व्याख्या गर्न र बुझ्न हामीलाई परमेश्वरकै वचन र पवित्र आत्माको खाँचो भएको महसुस गर्नु अनिवार्य छ।

धर्मशास्त्रले यो पनि भन्छ, "आफ्ना सेवक अगमवक्ताहरूलाई आफ्नो रहस्य प्रकट नगरि परमेश्‌वरले केही त गर्नुहुन्न" (आमोस ३:७ रूपान्तरित)। रिभिलेशन वा प्रकट वा प्रकाश गरिएको भन्ने बाइबलको शब्दको अर्थ कुनै वस्तु पहिले लुकेको थियो वा पर्दा पछाडि राखिएको थियो तर अहिले त्यसको खुलासा गरिएको वा त्यसको पर्दा उघारिएको छ भन्ने हुन्छ। हामी मानिस प्राणी भएकोले परमेश्वरको वचन हाम्रो सामु प्रकट हुनु वा उघारिनु अनिवार्य छ किनकि हामी पापी मानिस हौँ, पापले गर्दा हामी परमेश्वरबाट अलगिएका छौँ। त्यसैकारण हाम्रो जीवनमा उहाँको चाहना के छ सो थाहा पाउन उहाँमा नै हामीले भर पर्नुपर्दछ।

**परमेश्वरको वचनको स्रष्टा वा सृजनकार उहाँ नै हुनुहुन्छ भनेर स्वीकार गऱ्यौं भने यसलाई वेवास्ता गर्न मनासिव नदेखिने परिप्रेक्ष्यमा यसलाई शङ्का गरियो वा यसको सुरूवात परमेश्वर नै हुनुहुन्छ भनेर शङ्का गऱ्यौं वा त्यसप्रति प्रश्न उठाउन थाल्यौं भने यसको गरिमा वा इज्जत कस्तो हुन्छ होला? सोच्नुहोस्।**

## २. प्रेरणा दिने प्रक्रिया

आफ्नो इच्छा मानिसहरूलाई प्रकट गर्न मानिसले नै बुझ्ने भाषाको माध्यमलाई उहाँले अपनाउनुहुन्छ। त्यसकारण परमेश्वरले प्रकट गर्नुभएको सामग्रीहरूलाई लिखित भाषामा उतार्नु सम्भव भयो। हामीले यो पनि हेऱ्यौं कि बाइबल कुनै मानिसले तपस्या गरेर वा आफ्नै सोचबिचारलाई सङ्कलन गरेर तयार गरेको नभएर पवित्र आत्माको सक्रियतामा परमेश्वरको सत्यलाई प्रकट गरिएको हो। मानव औजारलाई प्रयोग गरेर पवित्र आत्माले परमेश्वरको सन्देशलाई संचार गर्नुहुन्छ र उहाँले नै त्यसलाई सुरक्षित गर्नुहुन्छ। त्यसैकारण उत्पत्तिदेखि प्रकाशसम्मको धर्मशास्त्रको मौलिक एकता वा विषयबस्तु असाधारणरूपमा एउटै भएको हामी अपेक्षा पाउन सक्छौं। (उदाहरणमा उत्पत्ति ३:१४सँग प्रकाश १२:१७लाई तुलना गऱ्यौं भने त्यसमा भएको विषयबस्तु एउटै खालको भएको पाउँछौं)।

**धर्मशास्त्र बाइबल सितिमिति मानिसको सोचबिचार वा ध्यानबाट नभएर परमेश्वरको प्रेरणाबाट आएको हो भनेर देहायका पदहरूले कसरी ठोकुवा गर्छन्? हेर्नुहोस्, २ पत्रुस १ :२१ "मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।", २ तिमोथी ३:१६,१७ "१६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको**

**प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।" र व्यवस्था १८:१८ "तिनीहरूका निम्ति तिनीहरूका दाजुभाइमध्येबाट तिमीजस्तै म एक जना अगमवक्ता खड़ा गर्नेछु। म मेरो वचन तिनको मुखमा हालिदिनेछु, र मैले आज्ञा गरेका सबै कुरा तिनले तिनीहरूलाई भन्नेछन्।"**

धर्मशास्त्र बाइबलमा भएका सबै सामग्रीहरूमा के लेख्ने भनेर अऱ्हाउने वा प्रेरणा दिने परमेश्वर वा पवित्र आत्मा भएतापनि त्यहाँ भएका कतिपय सामग्रीहरू पढ्दा हामीलाई प्रेरणा नै मिल्छ भन्ने छैन। (उदाहरणमा इस्राएलीहरूलाई दिएका चाडबाड, रितिथिति वा बलिप्रथा जुन हामीले अहिले मात्र आवश्यक छैन)। तैपनि धर्मशास्त्रका सबै सामग्रीहरू पढ्न आवश्यक छ र त्यहाँबाट सिक्न आवश्यक छ। त्यसमा लेखिएका कतिपय कुराहरू हामीलाई बुझ्न कठिन होला, पचाउन कठिन होला र वर्तमान परिप्रेक्ष्यमा व्यवाहारिक पनि नहोला। फेरि यो पनि थाहा पाउनु जरुरी छ कि बाइबलमा भएका सबै थोकहरू अलौकिक ढङ्गले सिधै परमेश्वरले दिनुभएर लेखिएको पनि छैन। कहिलेकाहीँ बाइबलका लेखकहरूलाई होशियारीसाथ खोजीनीति गरेर तथ्य लेख्न परमेश्वरले प्रयोग गर्नुभएको थियो भने विद्यमान वा भएकै सामग्रीहरूबाट उतारेर लेख्न पनि लगाउनुभएको थियो (उदाहरणमा यहोशू १०:१३, लूका १:१-३)। तर त्यो सत्य हो कि जुनसुकै माध्यमबाट भएतापनि परमेश्वरले आफ्नो सन्देश मानिसहरूको माझमा पुऱ्याउनुभएको थियो।

त्यसो भएतापनि बाइबलका सम्पूर्ण पुस्तकहरू (६६वटा) परमेश्वरको प्रेरणाद्वारा लेखिएको हो (२ तिमोथी ३:१६)। त्यसैकारणले यसलाई मध्यनजर गर्दै पावल भन्दछन् कि जे लेखिएतापनि ती सबै हाम्रो शिक्षाको निम्ति वा सिकाउनको निम्ति लेखिएको हो ताकि त्यसबाट उत्साहित भएर हामीमा आशा जाग्न सकोस् (रोमी १५:४)।

"परमेश्वर नै यसको लेखक हुनुहुन्छ भनेर बाइबल औंल्याउँछ। यद्यपि त्यहाँ भएका सामग्रीहरू मानिसका हातद्वारा लेखिएका हुन्। यो विभिन्न शैलीहरूमा लेखिएको छ र यसमा धेरै लेखकहरूका स्वभाव वा चरित्रहरूलाई प्रस्तुत गरिएको छ। जुन सत्यहरू प्रकट गरिए ती सबै परमेश्वरको प्रेरणाद्वारा दिइएका थिए (२ तिमोथी ३:१६) तैपनि मानिसहरूकै भाषामा ती सत्यहरू

व्यक्त गरिएका छन्।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ७बाट रूपान्तरित।

आज बाइबलको गरिमालाई धक्का पुऱ्याउन बाइबलकै कतिपय विद्वान वा पण्डितहरू अग्रसर भइरहेका छन्। तिनीहरूले बाइबलमा भएका धेरै सामग्रीहरूको लेखक परमेश्वर हुनै सक्दैनन् भनेर प्रचार गरिरहेका छन्। बाइबलका निर्णयात्मक शिक्षादीक्षा जस्तै सृष्टि, प्रस्थान, येशूको पुनरुत्थान आदिलाई तथ्य हुन् भनेर ती बाइबलका विद्वान भनाउँदाहरू अस्वीकार गर्दछन्। हाम्रो दिमाग वा मनमा तिनीहरूको निम्ति अलकति पनि ढोका खोल्नु किन आवश्यक छैन? परमेश्वरकै वचनमाथि न्याय गर्ने आँट हामीमा कहाँबाट आउँछ र?

## ३. परमेश्वरको लिखित वचन

"तब परमप्रभुले मोशालाई भन्नुभयो, "यी कुरा लेख, किनकि यी नै कुराबमोजिम तिमी र इस्राएलसित मैले करार बाधेको छु।" (प्रस्थान ३४:२७)। परमेश्वरले मोशालाई उहाँका वचन वा करार केवल भन नभनि लेख भन्नुभयो, यो किन होला? लिखित वचनको फाइदा के छ?

परमेश्वर बोल्नुहुन्छ। मानिसको भाषा सृष्टि गर्ने परमेश्वरले आफूले प्रकट गर्न चाहेको ईश्वरीय सत्यहरू र उहाँको प्रेरणाद्वारा सोचिएका सोचहरू मानिसहरूको बीचमा पुऱ्याउन उहाँले विश्वासी र भरपर्दो साधन प्रयोग गर्नुहुन्छ। त्यसकारण सुरूदेखि नै बाइबलका लेखकहरूलाई उहाँका शिक्षा र दिव्यज्ञानहरू लेखेर नै जनसमक्ष पुऱ्याउन उहाँले चाहानु भयो ।

मानिसमा नभएका परमेश्वरका रहस्य र सन्देशहरू जनसमक्ष पुऱ्याउन उहाँले कसरी प्रकट गर्नुभयो भनेर देहायका पदहरूले कसरी बताउँछ? हेर्नुहोस्: प्रस्थान १७:१४ "तब परमप्रभुले मोशालाई भन्नुभयो, "यो कुरो सम्झनाको निम्ति एउटा पुस्तकमा लेख्, र त्यो यहोशूलाई बताइदेऊ, किनकि म अमालेकको स्मृति आकाशमुनिदेखि बिलकुलै मेटिदिनेछु।" , प्रस्थान २४:३,४ "३ जब मोशाले गएर परमप्रभुका सबै कुरा र विधिविधानहरू मानिसहरूलाई सुनाए, तब तिनीहरू सबैले एकै स्वरमा भने, "परमप्रभुले भन्नुभएका सबै वचनहरू हामी पालन गर्नेछौं।" ४ तब मोशाले परमप्रभुका सबै वचनहरू लेखे।", यहोशू २४:१४-२७ "१४ "यसकारण अब परमप्रभुको भय मान, र सारा विश्वस्ततासाथ उहाँको सेवा गर। तिमीहरूका पिता-पुर्खाहरूले यूफ्रेटिस नदी पारि र मिश्रदेशमा पुजेका देवताहरूलाई फ्याँक, र परमप्रभुको सेवा गर। १५ तर यदि परमप्रभुको सेवा

गर्न तिमीहरूलाई मन पर्दैन भनेता तिमीहरूले कसको सेवा गर्ने आजै तिमीहरूले रोज– कि तिम्रा पिता-पुर्खाहरूले यूफ्रेटिस नदी पारि पुजेका देवताहरू कि तिमीहरू अहिले बसेको देशका एमोरीहरूका देवताहरू। तर म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछौं।" १६ तब मानिसहरूले भने, "हामीले परमप्रभुलाई त्यागेर अरू देवताहरूको पूजा गर्न नपरोस्। १७ किनभने परमप्रभु हाम्रा परमेश्वरले नै हामीलाई र हाम्रा पिता-पुर्खाहरूलाई मिश्रदेश, दासत्वको घरबाट मुक्त गराएर ल्याउनुभएको हो, र हाम्रा आँखाकै सामु त्यस्ता ठूला आश्चर्य कामहरू गर्नुभयो। अनि हामी जहाँ गए तापनि, जुन जातिहरूका बीचबाट हामी आए तापनि उहाँले हामीलाई रक्षा गर्नुभयो। १८ परमप्रभुले हाम्रा सामुन्नेबाट सबै जातिहरू, यस देशमा बस्ने एमोरीहरूलाई समेत धपाउनुभयो। यसकारण हामीहरू पनि परमप्रभुको सेवा गर्नेछौं, किनभने उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ।" १९ यहोशूले मानिसहरूलाई भने, "तिमीहरूले परमप्रभुको सेवा गर्न सक्दैनौ, किनभने उहाँ पवित्र परमेश्वर हुनुहुन्छ। उहाँ डाह गर्ने परमेश्वर हुनुहुन्छ। उहाँले तिमीहरूका अपराध र तिमीहरूका पाप क्षमा गर्नुहुनेछैन। २० तिमीहरूले परमप्रभुलाई त्यागेर पराई देवताहरूको पूजा गर्‍यौ भनेता अहिलेसम्म उहाँले तिमीहरूको हित गर्नुभए तापनि तिमीहरूको अहित गर्न उहाँ फर्कनुहुनेछ, र तिमीहरूलाई भस्म पार्नुहुनेछ।" २१ तर मानिसहरूले यहोशूलाई भने, "होइन, हामी परमप्रभुकै सेवा गर्नेछौं।" २२ तब यहोशूले तिनीहरूलाई भने, "तिमीहरूले परमप्रभुको सेवा गर्ने निर्णय गरेर तिमीहरू आफ्ना लागि आफै साक्षी भएका छौ।" तिनीहरूले भने, "हामी साक्षी छौं। २३ यहोशूले भने, "यसकारण अब तिमीहरूसँग भएका पराई देवताहरूलाई मिल्काइदेओ, र तिमीहरूका मन परमप्रभु इस्राएलका परमेश्वरतिर लगाओ।"

२४ अनि मानिसहरूले यहोशूलाई भने, "परमप्रभु हाम्रा परमेश्वरको सेवा हामी गर्नेछौं र उहाँकै वचन सुन्नेछौं।" २५ यहोशूले त्यही दिन मानिसहरूसँग करार बाँधे, र शकेममा तिनीहरूका निम्ति विधि र विधान बनाए। २६ यी सबै कुराहरू यहोशूले परमेश्वरका व्यवस्थाको पुस्तकमा लेखे। अनि तिनले एउटा ठूलो ढुङ्गा लिएर परमप्रभुका पवित्रस्थाननेरका रूखमुनि स्थापना गरे। २७ यहोशूले सबै मानिसहरूलाई भने, "हेर, यो ढुङ्गा हाम्रा विरुद्धमा साक्षी हुनेछ, किनकि परमप्रभुले हामीलाई भन्नुभएका सबै कुरा यसले सुनेको छ। तिमीहरू आफ्ना परमेश्वरप्रति अविश्वासी भयौ भने त्यो तिमीहरूका विरुद्धमा साक्षी हुनेछ।", यर्मिया ३०:१-२ "१ परमप्रभुबाट यर्मियाकहाँ आएको वचन यही होः २ "परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः 'मैले तिमीलाई भनेका सबै

कुरा एउटा पुस्तकमा लेख्।" , प्रकाश १:१०-११ "१० प्रभुको दिनमा म आत्मामा थिएँ, र तुरहीको जस्तो एउटा चर्को आवाज मेरो पछाडि यसो भनिरहेको मैले सुनें, ११ "तिमी जे देख्तछौ, सो एउटा पुस्तकमा लेख, र सातै वटा मण्डलीलाई पठाऊ, अर्थात् एफिसस, स्मुर्ना, पर्गामम, थिआटीरा, सार्डिस, फिलाडेल्फिया र लाउडिकियालाई।" , प्रकाश १:१७-१९ "१७ जब मैले उहाँलाई देखें, तब म मरेतुल्य भएर उहाँका पाउमा परें। तर उहाँले आफ्नो दाहिने बाहुली यसो भनेर ममाथि राख्नुभयो, "नडराऊ, आदि र अन्त्य १८ र जीवितचाहिँ म नै हुँ। म मरेको थिएँ। हेर, म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन्। १९ यसकारण तिमीले जे देख्छौ, र जे छ र यसपछि जे हुन आउनेछ, लेख।", प्रकाश २१:१-५ "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। ३ सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" ५ सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।" उहाँले यसो पनि भन्नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।" र प्रकाश २२:१७-२१ "१७ पवित्र आत्मा र दुलही भन्नुहुन्छ, "आउनुहोस्।" जसले सुन्छ त्यसले भनोस्, "आउनुहोस्।" जो तिर्खाउँछ त्यो आओस्, जसले इच्छा गर्छ त्यसले जीवनको पानी सित्तैंमा लिओस्। १८ यस पुस्तकको अगमवाणीका वचन सुन्ने हरेक मानिसलाई म चेताउनी दिन्छुः यदि कसैले तिनमा थप्यो भने यस पुस्तकमा लेखिएका विपत्तिहरू परमेश्वरले त्यसमाथि थपिदिनुहुनेछ। १९ अनि कसैले यस अगमवाणीको पुस्तकका वचनबाट केही घटायो भने, यस पुस्तकमा लेखिएका जीवनको वृक्ष र पवित्र सहरबाट त्यसले पाउने हिस्सा परमेश्वरले त्यसबाट खोस्नुहुनेछ। २० यी कुराको गवाही दिनेले भन्नुहुन्छ, "निश्चय, म चाँड़ै आउँदैछु।" आमेन, आउनुहोस्, हे प्रभु येशू। २१ प्रभु येशूको अनुग्रह सबै सन्तहरूसँग रहोस्। आमेन।"

आफ्नो प्रेरणादायी र आफूले प्रकट गरेका सन्देशहरू लेख्न परमेश्वरले किन उहाँका पवित्र जनहरूलाई आदेश दिनुभयो? त्यसको जवाफ स्पष्ट छः ताकि हामी सजिलैसँग नबिसौं। बाइबलमा लेखिएका वचनहरूले हामीलाई निरन्तररूपमा परमेश्वरतिर र उहाँका वचनहरूतिर औंल्याइरहेको हुन्छ। बखितम वा बोलिएको वचनभन्दा लिखितम वा लेखिएको सामग्रीहरू भरपर्दो र सुरक्षित राख्न सकिने हुन्छ। बोलिएका वचनहरू बारम्बार भनिरहनुपर्छ। साथै बोलिएका वचनहरू भन्दा लेखिएका वचनहरूका प्रतिलिपीहरू बनाइरहन सकिन्छ र धेरै मानिसहरू समक्ष ती वचनहरू पुऱ्याउन पनि सकिन्छ तर केवल बोलिएका वचनहरूमात्रै छ भने ती वचनहरू धेरैकहाँ वा विश्वव्यापीरूपमा फैलाउन सकिंदैन किनभने बोलिएका वचनहरू केवल सिमित मानिसहरूको बीचमा एक पटक एक निश्चित ठाउँमामात्रै बोल्न सक्छौं। यदि वचनहरू लेखिएको छ भने अनगिन्ति मानिसहरूको बीचमा, विभिन्न स्थान र देशविदेशमा पठाउन सकिन्छ साथै पछिका अनगिन्ति भावी सन्तानहरूको निम्ति आशिषमय हुनसक्छ। यदि कसैले पढ्न सक्दैनन् भने तिनीहरूको निम्ति अरूले पढेर पनि सुनाउन मिल्छ।

## ४. येशू र धर्मशास्त्र बाइबलको बीचमा समानता

**परमेश्वरको वचन देह वा मानव शरीर हुन आएको, परमेश्वरको लिखित पवित्र धर्मशास्त्र बाइबल र येशू ख्रीष्टको बीचमा के समानता छ? हेर्नुहोस् केही पदहरूः यूहन्ना १:१-२,१४ "१ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो।... १४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।", यूहन्ना २:१९-२२ "१९ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "यस मन्दिरलाई भत्काइदेओ, र म तीन दिनमा यसलाई खड़ा गर्नेछु।" २० तब यहूदीहरूले भने, "यस मन्दिरलाई निर्माण गर्न छयालीस वर्ष लाग्यो, र के तपाईं यसलाई तीन दिनमा खड़ा गर्न सक्नुहुन्छ र?" २१ तर जुन मन्दिरको विषयमा उहाँ बोल्नुभएको थियो, त्यो उहाँको शरीर थियो। २२ जब उहाँ मृतकबाट उठाइनुभयो, तब येशूले भन्नुभएको यो कुरा चेलाहरूलाई स्मरण भयो, र तिनीहरूले धर्मशास्त्रमाथि र येशूले बोल्नुभएको वचनमाथि विश्वास गरे।", यूहन्ना ८:३१,३२ "३१ येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो,**

**"तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ। ३२ तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।"**

परमेश्वरको वचन जुन देह वा शरीर अर्थात् येशू हुनुभएको थियो **र परमेश्वरको लिखत वचन वा धर्मशास्त्र बाइबल**को वीचमा समानता छ। जसरी पवित्र आत्माको सहयोगले येशू अलौकिक ढंगले स्त्रीबाट जन्मिनुभएको थियो त्यसरी नै पवित्र धर्मशास्त्रको सुरुवात अलौकिक तरिकाबाट मानव प्राणीहरूद्वारा दिइएको थियो।

समय र ठाउँमा येशू मानिस हुनुभयो। निश्चित ठाउँ र निश्चित समयमा येशू रहनुभएको थियो। त्यसले उहाँको अलौकिक वा दैवी शक्ति खोसिन्न न त उहाँलाई अरू मानिसहरू जस्तै इतिहासको दायरामा राख्न सकिन्छ। उहाँ मात्र सबै संसारमा, सबै मानिसहरूको निम्ति र सबै समय वा युगमा मुक्तिदाता हुनुहुन्छ (प्रेरित ४:१२ "अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन" )। त्यसै अनुरुपले बाइबल पनि विशेष ठाउँ, संस्कृति वा संस्कारमा र निश्चित समयमा दिइएको थियो। येशू जस्तै बाइबल पनि कुनै विशेष समय र स्थानको दायराभित्रमात्र राख्न परमेश्वरले दिनुभएको होइन। सबै संसारमा सबै मानिसको निम्ति बाइबलको उपदेयता कायमै भइरहेको हुन्छ अर्थात् यसको सत्यता लागु हुन्छ।

मानिसहरूबाट परमेश्वर टाढा हुनुहुन्न भनेर प्रत्यक्ष प्रमाण दिन उहाँ मानिसको तहमा उत्रिनुभयो। ४००० वर्षसम्म पापको प्रभावले गर्दा मानिसलाई कमजोर बनाइएको र दुःखकष्टले सताइएको थियो भनेर येशूको स्वभावले देखाइएको थियो। तर, उहाँमा पाप थिएन। (अर्थात् उहाँ कुनै पौराणिक वा दन्त्यकथाको मानवीय कमजोरीले छुन नसक्ने बीर पुरुष भएर आउनुभएको थिएन। मानिसमा हुने सबै कमजोरी तथा दुःखकष्ट, पीडा आदिको भार उहाँमाथि थियो-अनुवादकको थप टिप्पणी)। त्यसैगरि बाइबलको भाषा मानिसले बुझ्न र बोल्न नसक्ने सिद्ध अपार वा स्वर्गमामात्र बोल्ने भाषाले लेखिएको थिएन। बाइबलमा लेखिएको भाषा मानवीय भाषा थियो। जसरी कुनै पनि भाषा सिमित हुन्छ तैपनि मानव प्राणी र मानव भाषा सृष्टि गर्नुहुने परमेश्वरले उहाँको सन्देश वा चाहना सञ्चार गर्न वा मानिस समक्ष पुऱ्याउन उहाँ सिद्धरुपमा सामर्थ हुनुहुन्छ। उहाँले प्रयोग गर्ने तरिका विश्वासिलो र भरपर्दो छ। उहाँको सत्य वचनले हामीलाई बाटो बिराउन दिन्न। यो पनि

थाहा पाउन अत्यन्तै जरुरी छ कि धर्मशास्त्र बाइबल परमेश्वरको साक्षात्कार अवतार होइन। परमेश्वर पुस्तक वा कागजी खोस्टा मात्र हुनुहुन्न। येशूमा परमेश्वर रहनुभएर मानव अवतार लिनुभएको थियो। बाइबलप्रति हाम्रो मायामोह छ किनभने यसका पानाहरूमा हाम्रा आराधना योग्य र पुजनीय मुक्तिदातालाई सम्बोधन गरिएका छन्। बाइबल विशेष पुस्तक हो र यसमा देखाइएको परमेश्वर र मानिसको बीचको एकतालाई अलग पार्न सकिँदैन। यस बारे एलेन जी ह्वाइटको स्पष्ट धारणा यस्तो छः "मानिसहरूको भाषा वा लवजमा व्यक्त गरिएको परमेश्वरले दिनुभएको सत्यहरूको सङ्गालो बाइबल हो। यसले परमेश्वर र मानिसको बीचमा भएको एकतालाई प्रस्तुत गर्दछ। यस्तो खालको एकता येशूको स्वभावमा थियो जो परमेश्वरको पुत्र र मानिसको पुत्र हुनुहुन्थ्यो। त्यसकारण येशूमा भएको सत्यता बाइबलमा पनि छ अर्थात् 'वचन देहधारी भयो र हाम्रो बीचमा रहनुभयो' यूहन्ना १:१४।"-*द ग्रेट कन्त्रोभर्सी*, पृ. ८बाट रूपान्तरित।

**हाम्रो सबै विश्वासको आधार बाइबलमात्रै किन हुनुपर्छ? यो बिना हामी कहाँ हुन्छौं होला वा कतातिर पुग्छौं हौंला?**

## ५. विश्वासमा बाइबललाई बुझ्न अर्थात् बाइबललाई बुझ्न परमेश्वरमाथि विश्वास हुनुपर्ने

**हिब्रू ११:३-६ पढ्नुहोस्। परमेश्वर र उहाँको वचनलाई बुझ्न परमेश्वरमाथि विश्वास अर्थात् आस्था किन अपरिहार्य वा नभैनहुने तत्व हो? विश्वास वा उहाँमाथिको आस्थाबिना परमेश्वरलाई प्रसन्न पार्न किन असम्भव छ? हेर्नुहोस्, " १ अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ़ भरोसा हो। २ किनकि यसै विश्वासद्वारा प्राचीन मानिसहरूलाई परमेश्वरले ग्रहण गर्नुभयो। ३ विश्वासद्वारा हामी बुझ्दछौं कि सारा विश्व परमेश्वरको वचनद्वारा सृष्टि भयो, र जो दृश्य छ त्यो अदृश्य कुराबाट बन्यो। ४ विश्वासद्वारा हाबिलले परमेश्वरलाई कयिनले भन्दा अझ ग्रहणयोग्य बलि चढ़ाए, र त्यसद्वारा नै हाबिल धर्मी ठहरिए। तिनको बलि स्वीकार गरेर परमेश्वरले आफ्नो सम्मति जनाउनुभयो। तिनी मरे तापनि विश्वासद्वारा नै तिनी अझै बोलिरहेका छन्। ५ विश्वासद्वारा मृत्यु नचाखी हनोक स्वर्गमा उठाइलगिए, र तिनी कतै फेला परेनन्, किनकि परमेश्वरले तिनलाई लानुभएको थियो। तिनी उठाइलगिनुभन्दा अघि परमेश्वरलाई तिनले प्रसन्न पारेका कुराको पुष्टि भएको थियो। ६ विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु**

**असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ।"**

सबै सत्य शिक्षा वा पाठ विश्वासको परिधिभित्र रहेर मात्र सिक्न सकिन्छ। बुबाआमामाथिको एकाग्र विश्वासले गर्दामात्र बालबालिकाहरू नयाँ कुराहरू सिक्न समर्थ हुन्छन्। यस संसारमा रहँदा चाहिने जीवन र प्रेमको आधारभूत र मौलिक पक्षहरू सिक्न सिकाउनेमाथि बालबालिकाको विश्वासिलो र भरपर्दो सम्बन्ध हुनुपर्छ। त्यही सम्बन्धले बालबालिकालाई अगुवाइ गरिरहेको हुन्छ। प्रेमिलो र भरपर्दो अर्थात् विश्वासिलो सम्बन्धको वातावरणमा ज्ञान, बुद्धि र समझ शक्ति फस्टाउँछ। यही कुरालाई मध्यनजरमा राखेर हामी यो भन्न सक्छौं कि एक असल सङ्गीतकारले आफ्नो सङ्गीत कलामा त्यसबेला दक्षता हासिल गर्न सक्छ जब उसको सङ्गीत, बाजा र सङ्गीत लेख्नेप्रति मायामोह हुन्छ।

त्यही प्रकारले, यदि हामीले बाइबलप्रति विभिन्न शङ्का, उपशङ्का वा कसरी आयो भन्ने तरिकाहरूप्रति शङ्का गरेर बाइबल बुझ्न खोज्यौं भने त्यसलाई उचितरूपमा बुझ्न सक्दैनौं। बाइबल बुझ्न त्यसप्रतिको मायामोह र विश्वास अर्थात् आस्था हुनैपर्छ। पावल स्पष्ट धारणा राख्दछन्, "आस्था वा विश्वासबिना परमेश्वरलाई रिझाउन असम्भव छ" (हिब्रू ११:६ रूपान्तरित)। त्यसकारण बाइबललाई अरू कुनै मानवीय शास्त्र वा पुस्तक जस्तो गरेर नहेरि यसको अलौकिक वा ईश्वरीय सुरुवातलाई आत्मसात गर्दै विश्वाससाथ अध्ययन गर्नुको विकल्प छैन। यस मामिलामा सेभेन्थ-डे एडभेन्टिस्टको स्पष्ट धारणा छ। यस चर्चको मौलिक विश्वासहरूको पहिलो मौलिक विश्वासले बाइबल कुनै मानवीय अवधारणा वा सोचबिचारले आएको नभएर अलौकिक वा परमेश्वरको प्रेरणाद्वारा आएको हो भन्दै आफ्नो प्रतिवद्धता यसरी व्यक्त गर्दछः "परमेश्वरको प्रेरणाबाट पाइएको पुरानो र नयाँ करारको पवित्र धर्मशास्त्र परमेश्वरको लिखित वचन हो। परमेश्वरबाट नै प्रेरणा पाएका लेखकहरूले बोले र लेखे जब तिनीहरूलाई पवित्र आत्माले परिचालन गरेका थिए। यस वचनमा मानिसको मुक्तिको निम्ति आवश्यक ज्ञानहरू मानव प्राणीलाई परमेश्वरले सुम्पनु भएको छ। परमेश्वरको सर्वोच्च, आधिकारिक र त्रुटिरहित इच्छालाई पवित्र धर्मशास्त्र बाइबलले प्रकट गर्दछ। बाइबलमा लेखिएका सामग्रीहरू मानिसहरूको निम्ति उच्च नैतिक आदर्शका मापदण्डहरू हुन्, मानिसको अनुभवलाई यसैले जाँच्दछ, सबै शिक्षादीक्षालाई विस्तृतरूपमा यसले

प्रकट गर्छ र इतिहासमा परमेश्वरको सक्रियतालाई विश्वसनीय र भरपर्दो लेखा यसमा राखिएको छ। (भजन ११९:१०५, हितोपदेश ३०:५,६, यशैया ८:२०, यूहन्ना १७:१७, १ थेस्सोलिनिकी २:१३, २ तिमोथी ३:१६,१७, हिब्रू ४:१२, २ पत्रुस १:२०,२१)।"

**परमेश्वरमा विश्वास वा आस्था नराख्ने मनस्थिति लिएर बाइबल बुझ्न थालियो भने कतिपय ज्ञानहरू बुझ्न नसकिने क्षमता मानिसहरूमा कतिहोला? परमेश्वर र उहाँमाथिको विश्वास किन अन्ध विश्वास होइन? परमेश्वर र बाइबलमा विश्वास हुनु किन असली कारणहरू छन् र बाइबलले देखाएका सत्यताहरूलाई बुझ्न वा लिन त्यसप्रति विश्वास हुन किन आवश्यक छ?**

## उपसंहारः

**थप जानकारीः वेवसाइट**
www.adventistbiblicalresearch.org/materials/bible-interpretation-hermeneutics/methods-bible-study **सामग्रीमा दिएको बाइबल सम्बन्धी विभिन्न अनुमानहरू, बाइबलको सुरुवात, आधिकारकता र बाइबल अध्ययन गर्ने तरिकाहरू पढ्नुहोस्।**

हाम्रो विश्वासको निम्ति बाइबलको अत्यन्तै खाँचो त छ तर जब हामी यो अध्ययन गर्छौं यसमा पवित्र आत्माको प्रभाव हाम्रो मनमा र दिमागमा भएन वा हुन दिएनौं भने यसको वास्तविक आत्मिक मूल्यमान्यता हुँदैन।
"आफ्नो वचनमा मानिसको मुक्तिको निम्ति आवश्यक ज्ञानहरू मानव प्राणीलाई परमेश्वरले सुम्पनु भएको छ। परमेश्वरको सर्वोच्च, आधिकारिक र त्रुटीरहित इच्छालाई पवित्र धर्मशास्त्र बाइबलले प्रकट गर्दछ भनेर स्वीकार्नुपर्दछ। बाइबलमा लेखिएका सामग्रीहरू मानिसहरूको निम्ति उच्च नैतिक आदर्शका मापदण्डहरू हुन्, मानिसको अनुभवलाई यसैले जाँच्दछ, सबै शिक्षादीक्षालाई विस्तृतरूपमा यसले प्रकट गर्छ...उहाँको इच्छा उहाँको वचनबाट मानिसहरूलाई प्रकट गरियो भन्दैमा पवित्र आत्माको अगुवाइ र उहाँको उपस्थिति निरन्तररूपमा हुँन्छ भन्ने हुदैन। बरू त्यसको बिपरित उहाँका सेवकहरूले वचन खोल्न, दिव्यज्ञान दिन र यसमा भएका शिक्षा तथा अर्तीहरूलाई व्यवहारमा उतार्न मुक्तिदाताले पवित्र आत्मा पठाउँछु भनेर प्रतिज्ञा गर्नुभएको छ। परमेश्वरको आत्माले बाइबल प्रेरित भएकोले पवित्र आत्माको शिक्षा परमेश्वरको वचनको बिपरीत जान असम्भव छ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ९बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. आफू र आफ्नो इच्छा परमेश्वरले हामीलाई किन प्रकट गर्नुहुन्छ? हामीलाई परमेश्वरको दिव्यप्रकट वा प्रकाश किन चाहिन्छ?

आ. परमेश्वर आफूलाई कसरी प्रकट गर्नुहुन्छ? आफू को हुनुहुन्छ भनेर परमेश्वरले विभिन्न तरिकाहरूबाट प्रकट गर्नुहुन्छ। साधारणतया प्रायजसो प्रकृतिबाट उहाँले आफ्नो बारे प्रकट गर्नुहुन्छ, तर बिशेष गरेर सपनाहरूबाट (दानिएल ७:११), स्वप्नदर्शनहरूबाट (उत्पत्ति १५:१), विभिन्ने चिन्ह वा शङ्केटहरूबाट (१ राजा १८:२४,३८) र उहाँको पुत्र येशूख्रीष्टद्वारा (हिब्रू १:१,२)। के तपाईंको व्यक्तिगत जीवनमा परमेश्वरले तपाईंलाई प्रकट गर्नुभएको छ?

इ. बाइबलका केही विद्वानहरूले बाइबलका केही आधारभूत सत्यहरूलाई ठाडै अस्वीकार गरेको पाइन्छ। बाइबल पुराण, दन्त्यकथा वा काल्पनिक दस्तावेज हुन् भनेर तिनीहरूले सिकाउँछन्। सृष्टिको बृतान्त, आदम र हवाको वास्तविकता, प्रस्थान दानिएलका कथा आदिहरू आत्मिक सत्यहरूलाई सिकाउने अर्ती अर्तिदिने वा काल्पनिक कथाहरू हुन् भनेर बाइबलका ती पण्डित भनाउँदाहरूले नै जिकिर गर्दछन्। जब परमेश्वरको वचनमाथि मानिसहरूले न्याय गर्छन् वा मूल्याङ्कन गर्छन् त्यसको नतिजा परमेश्वरको वचनलाई न्युनस्तरमा झरिन्छ। बाइबललाई मानवीय अनुमान वा ज्ञानले मूल्याङ्कन गर्नु अथवा तर्क गर्नु कतिको खतरापूर्ण रहेछ भनेर हामीलाई स्पष्टरूपमा के सन्देश दिइएको छ?

ई. परमेश्वरले आफ्नो इच्छा बाइबलमा अत्यन्तै प्रभावकारीरूपमा प्रकट गर्नुभएको छ। यद्यपि, परमेश्वरको इच्छा र येशू ख्रीष्टमामात्रै मुक्ति छ भन्ने सुसमाचार सुनाउन र फैलाउन तपाईंको संलग्नता भएको उहाँ चाहनुहुन्छ। जब मानिसहरूले तपाईंलाई देख्छन् तब तपाईंमा र तपाईंको व्यवहारमा कस्तो खालको परमेश्वर तिनीहरूले देख्छन्? सोच्नुहोस्।

## कथा २

## साइप्रसमा तीन जना फिलिप्पिनका नागरिकहरू बप्तिस्मा लिन्छन्

### आन्ड्र्यु मेकचेस्नी, एडभेन्ट मिशन

योलेन्डा मल्ल फिलिप्पिन देशबाट साइप्रसको एउटा घरमा काम गर्न आएकी थिइन्। त्यसबेला उनको बियात्रिस भन्ने एक जना फिलिप्पिनकै साथी इस्राएलमा काम गर्दै थिइन्। धेरै वर्ष अघि ताइवान चीनमा घरेलु कामदार भइरहेकै बेलामा तिनीहरूको भेटघाट तथा चिनाजानी भएको थियो। केही समय अघि बियात्रिसले इस्राएलमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएको कुरा मल्लले थाहा पाएकी थिइन्। बियात्रिसले एकदिन मल्ललाई उनको फेसबुकमा सेभन्थ-डे एडभेन्टिस्ट प्रवचनको वेभसाइट पठाएकी थिइन्।

"तिमी किन सेभेन्थ-डे एडभेन्टिस्ट भयौ?" भनेर मल्लले बियात्रिसलाई फेसबुकमा सोधिन्। उनको जवाफमा बियात्रिसले जवाफ दिइन् "यो चर्च त मेरो घर जस्तै लाग्छ। मैले पठाएको भिडियो हेर अनि तिमीले थाहा पाउनेछौ।" मल्लले भिडियो प्रवचन खोलिन्। त्यसबेला एक जना प्रचारकले सृष्टिको बारेमा सुनाउँदै थिए। सृष्टिमा हप्ताको सातौं दिनलाई पवित्र राख्न परमेश्वरले आह्वान गर्नुभएको, दश आज्ञामा पनि त्यो दिन मान्न भनिएको र नयाँ करार भरि साबथ पालना गर्न आह्वान गरिएको वचन उनले सुनिन्। आफू आइतबारे चर्चमा जाने मल्ललाई यो कुरा सुन्दा अचम्म लाग्यो। प्रचारकले सुनाएका बाइबलका पदहरू उनले बाइबलमा हेरिन्। साबथ त शनिबार पो रहेछ आइतबार त होइन रहेछ भनेर उनले बाइबलबाट पत्ता लगाइन्। "म धेरै चर्चहरूमा गएँ चर्चका कुनै पनि पास्टरहरूले साबथको बारेमा प्रचार गरेको मैले सुनेकी छैन। अरू कसैले पनि साबथको बारेमा किन नसुनाएको होला?" अचम्म मान्दै उनले भनिन्। "यस भिडियोले मेरो दिमाग खोलिदियो। साइप्रसमा साबथ पालना गर्ने चर्चमा म जान चाहन्छु। तर त्यो कहाँ छ मलाई थाहा छैन।"

मल्लले साबथ पालना गर्ने चर्च कहाँ होला भनेर खोजीनिति गरिन्। अन्तमा उनले साइप्रसको सेभेन्थ-डे एडभन्टिस्ट चर्चको अध्यक्ष मिरिलोभको ठेगाना भेट्टाइन्। उनले ती अध्यक्षलाई आफ्नो टेलिफोन नम्बर पठाइन्। मल्लले ती अध्यक्षलाई फोन गरिन्। आफू काम गरिरहेकै सहरमा एडभेन्टिस्ट

चर्च भएको पनि उनले थाहा पाइन् र त्यो चर्चको लोकेशन पनि अध्यक्ष मिरिलोभले बताए।

मल्ल प्रत्येक साबथ चर्च जान थालिन् र आइबार हुने बाइबल क्लासमा भाग पनि लिन थालिन्। थोरै समयमा नै उनले उनकी भतिजी मिशलिनलाई त्यस अध्ययन कक्षामा भाग लिन निम्तो दिइन्। मिशलिन पनि साइप्रसमै घरेलू कामदार भएर काम गरिरहेकी थिइन्। उनले अर्को घरेलु कामदार साथीलाई आफूसँगै त्यस अध्ययनमा भाग लिन जान अनुरोध गरिन्। उनी पनि मिशलिनसँग गइन्। अनि उनले फिलिप्पिनको अर्को घरेलु कामदार मरियालाई पनि बाइबल अध्ययनमा भाग लिन निम्तो दिइन्। तर मरिया वयोबृद्ध र असक्त महिलाको हेरचाह गर्थिन् र उनले तिनीहरूको चौविसै घण्टा स्याहार गर्नुपर्दथ्यो। उनले घर छोडेर चर्चमा जाने अनुमति पाउन सकिनन्। चर्चको अध्यक्षकी श्रीमती मरिका मिर्लोभसँगको कुराकानीमा उनले मरियालाई भनिन् "तिमी चर्चमा आउन सकिनौ भने केही छैन हामीले तिमीलाई फेसबुक मार्फत बाइबल अध्ययन गराउन सक्छौं।"

अनि छोटो समयमा नै मल्ल, मिशलिन र मरियाले बप्तिस्मा लिए। (आफूसँगै साथीहरूलाई पनि येशू चिनाउन मनलाग्छ भनेर योलान्डा मल्लले भनेकी थिइन्। वर्ष ४२की मल्ल दुई छोराहरूकी आमा हुन्। फिलिप्पिनमा रहेका आफ्ना छोराहरूलाई पढ्न सहयोग गर्न अहिले पनि मल्ल साइप्रसमै काम गरिरहेकी छिन्। "म टुटेको घरबाट आएपनि प्रभु येशूमा आशा पाउन सिकेकोले मलाई बल मिलेको छ" यस लेखकलाई उनले बताइन्। यस त्रैमासिक साबथस्कूलको भेटीको केही भाग साइप्रसको निकोसियामा नयाँ चर्च र सामूदायिक भवन निर्माण गर्न सहयोग दिइनेछ)।